भिमाद नगरपालिका
BHIMAD MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF MUNICIPAL EXECUTIVE
भिमाद, तनहुँ
BHIMAD, TANAHUN
२०७३ / 2073

गण्डकी प्रदेश, नेपाल
GANDAKI PROVINCE, NEPAL

प.सं / REF. NO. : ०८२/०८३
च.नं. / DIS. NO. :

सूचना नं. ४६

**तहवृद्धि गर्ने सम्वन्धी सूचना ।**

सूचना नं. १-२०८२/०८३ (तहवृद्धि)

**सूचना प्रकाशन मितिः २०८२/०९/१४**

प्रस्तुत विषयमा गण्डकी प्रदेशबाट जारी स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ (२) अनुसार तह वृद्धि हुन योग्य यस कार्यालय र अन्तर्गत कार्यरत इच्छुक कर्मचारीहरुले देहायका आवश्यक कागजातहरू सहित तह वृद्धिको लागि सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र स्थानीय सेवा (गठन तथा संचालन) नियमावली, २०८० को अनुसूचि १५ बमोजिमको ढाँचामा २ प्रति आवेदन फाराम नेपाली कागजमा भरी पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका र उल्लेखित ऐन तथा नियमावली बमोजिम तोकिएका आवश्यक कागजातहरु संलग्न नभएका आवेदन माथि कारबाही नगरिने र तहवृद्धिको प्रकृयामा समावेश नगरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

१. **स्थानीय सेवाको स्वास्थ्य सेवा बाहेकको अन्य सेवामा कार्यरत कर्मचारीको हकमाः**

क. अधिकृतस्तर छैठौं, आठौं र दशौं तह (प्राविधिक/अप्राविधिक) को पदमा हुने तहवृद्धिको लागि क्रमशः सहायकस्तर पाँचौ, अधिकृतस्तर सातौं रअधिकृतस्तर नवौं तहको पदमा पाँच वर्ष सेवा अवधि पूरा भएको हुनुपर्नेछ ।

ख. अधिकृतस्तर छैठौं, आठौं र दशौं तह (प्राविधिक/अप्राविधिक) को पदमा हुने तह वृद्धिको लागि क्रमशः सहायकस्तर पाँचौ, अधिकृतस्तर सातौं र अधिकृतस्तर नवौं तहको पदमा पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन कम्तिमा पन्चानब्बे औषत अंक प्राप्त गरेको हुनुपर्नेछ ।

२. ***स्थानीय सेवाको स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको हकमाः***

क. स्थानीय सेवा गठन तथा सञ्चलान ऐन, २०७९ को दफा २७ को उपदफा २ बमोजिमको सेवा शर्त र अवधि पूरा भएको हुनुपर्नेछ ।

ख. स्वास्थ्य सेवा ऐन, २०५३ एवम नियमावली, २०५५ बमोजिम स्तरवृद्धिको लागि आवश्यक पर्ने कागजात संलग्न हुनुपर्ने ।

ग. स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ (क) बमोजिमको नकारात्मक सूचीमा नपरेको हुनुपर्नेछ ।

घ. स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूचि ११ बमोजिम अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको अवधिको शाखा प्रमुखबाट प्रमाणित सिफारिस पत्र । साथै अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको रुजु हाजिरी एवम अवधि खुल्ने कागजातहरुः कामकाज गर्न खटाईएको पत्र, रमाना पत्र र हाजिर भएको जानकारी पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

ङ. साबिक नेपाल स्वास्थ्य सेवाको पदमा नियुक्त भएका कर्मचारीहरुले यस नगरपालिकामा समायोजन भएको पत्र ।

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ३१ बमोजिम तहवृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ र सोही ऐनको दफा ४२ वमोजिम नकारात्मक सूचिमा नरहेको हुनुपर्नेछ ।

३. **स्थानीय तह वृद्धिको लागि आवश्यक कागजातहरुः**

क. पछिल्लो ५ वर्षको कार्यसम्पादन मूल्यांकन फारम,

ख. शुरु स्थायी नियुक्तिको पत्र, तह वृद्धि हुने पद भन्दा एक तह मुनिको पद वा श्रेणीको स्थायी नियुक्ति र सो को लागि आवश्यक शैक्षिक योग्यताको प्रमाण पत्र,

ग. समायोजन पत्र र अद्यावधिक PIS विवरण,

घ. शुरु देखि हालसम्मको सेवा प्रमाणित हुने कागजातहरु ।

२०८२/९/१४

सन्दिप पौडेल
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत